२०७५

# कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम

# प्रारम्भिक बालविकास शिक्षा

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तालिम सक्षमता | १ |
| ३. | तालिमका विषयवस्तु | २ |
| ४. | तालिम कार्यान्वयन कार्यविधि | ३ |
| ५. | तालिम मूल्याङ्कन | ५ |
| ६. | कार्ययोजना तथा प्रतिबद्धता | ५ |

## १. परिचय

विद्यमान आवधिक योजना, वार्षिक कार्यक्रम तथा नीतिगत व्यवस्था लगायत शिक्षा ऐन, २०२८ (आठौं संशोधन) को खण्ड (ख) मा “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा भनी परिभाषित गरेअनुरुप प्रारम्भिक बालविकास पनि विद्यालय शिक्षाको संरचनाभित्र समावेश भएको छ। विद्यालय तहमा कार्यरत जुनसुकै तहका शिक्षकहरूको पेसागत क्षमता विकास गर्ने जिम्मेवारी शैक्षिक जनशक्ति विकास केन्द्रको रहेको परिप्रेक्ष्यमा प्रारम्भिक बालविकास तहमा कार्यरत शिक्षकहरूको क्षमता विकास कार्यक्रम परिमार्जित शिक्षक पेसागत विकासको ढाँचामा सञ्चालन गर्नु आवश्यक छ । यो तालिम पाठ्यक्रम प्रारम्भिक बालविकाससम्बन्धी आधारभूत तालिम लिएका शिक्षकहरूको क्षमता विकासका लागि पुनर्ताजगी तालिम पाठ्यक्रमको रुपमा विकास गरिएको छ।

यस पाठ्यक्रममा प्रारम्भिक बालविकास, सिकाइ वातावरण व्यवस्थापन, सिकाइ सामग्री , सिकाइ क्रियाकलाप सञ्चालन, बालशिक्षा पाठ्यक्रम जस्ता आधारभूत विषयवस्तुहरूलाई पाँच ओटा मुख्य विषयक्षेत्रमा वर्गीकरण गरी ५ दिनका लागि १५ ओटा सत्रहरूमा विभाजन गरिएको छ । यस तालिमबाट शिक्षकलाई प्रारम्भिक बालविकास सम्बन्धी आवश्यक ज्ञान तथा सीप हासिल गरी कक्षाकोठामा प्रभावकारी रुपमा सिकाइ सहजीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## २. तालिमका सक्षमता

यो तालिम कोर्स पूरा गरेपछि सहभागी शिक्षकहरूले निम्नलिखित सक्षमता हासिल गर्ने अपेक्षा गरिएको छ:

- प्रारम्भिक बालविकास कक्षा/केन्द्रका समस्या तथा समाधानका उपाय पहिचान
- बाल विकासात्मक पक्षहरूको अवधारणागत स्पष्टता
- सिकाइ वातावरण व्यवस्थापनका पक्षहरूको विश्लेषण र प्रयोग
- सिकाइ सामग्रीको संकलन, निर्माण, प्रयोग तथा व्यवस्थापन
- विषयवस्तुमा आधारित सिकाइ क्रियाकलाप निर्माण र सञ्चालन
- बालशिक्षा पाठ्यक्रम अध्ययन, विश्लेषण र कार्यान्वयन

३. तालिमका विषयवस्तु

| क्र. सं. | मुख्य विषयवस्तु | विस्तृतीकरण | भार (सत्र) |
|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास | ● अनुभव आदानप्रदान<br>● समस्या एवम् समाधानका उपाय<br>● अवधारणा (आवश्यकता तथा महत्त्व)<br>● विकासात्मक पक्षहरु (शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक, भाषिक र सांस्कृतिक ) | ३ सत्र |
| २. | सिकाइ वातावरण व्यवस्थापन | ● राष्ट्रिय न्युनतम मापदण्ड अनुसार बालविकास केन्द्र व्यवस्थापन<br>o कक्षाको भित्री तथा बाहिरी सिकाइ वातावरण व्यवस्थापन<br>o विषयक्षेत्र (Subject areas) व्यवस्थापन तथा प्रयोग (प्रयोगात्मक अभ्यास)<br>● व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय तहको भूमिका | ३ |
| ३. | सिकाइ सामग्री | ● संकलन, निर्माण, प्रयोग तथा व्यवस्थापन<br>o मूल्य नपर्ने र कम मूल्य पर्ने<br>o शिक्षक निर्मित, विद्यार्थी निर्मित र समुदायद्वारा निर्मित<br>o बजारबाट खरिद गरिएको | २ |
| ४. | सिकाइ क्रियाकलाप सञ्चालन | ● विषयवस्तुमा आधारित (thematic) सिकाइ क्रियाकलाप निर्माण र सञ्चालन<br>o खेल<br>o कथा | ४ |

| | | | |
|---|---|---|---|
| | | o गीत/कविता<br>o अभिनय<br>o चित्र र रङ | |
| ५. | बालशिक्षा पाठ्यक्रम | • पाठ्यक्रम अध्ययन तथा विश्लेषण<br>• पाठ्यक्रम कार्यान्वयन | २ |
| ६. | विविध | • कार्यक्रम परिचय<br>• प्रिटेस्ट तथा पोस्टटेस्ट<br>• कार्ययोजना तथा प्रतिबद्धता | १ |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### क. तालिमको अवधि

यो तालिम पाँच दिन अवधिको हुनेछ । पाँचै दिन आमने सामने पद्धतिबाट शैक्षिक तालिम केन्द्र मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तिन सत्रका दरले पाँच दिन अवधिमा १५ ओटा सेसनहरु सञ्चालन हुनेछन् । प्रति सेसन एक घण्टा ३० मिनेटको हुनेछ ।

### ख. तालिमको लक्षित समूह

यस तालिमको लक्षित समूह प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षक वा सहजकर्ता हुनेछन् । सहभागी छनोटका लागि शैक्षिक तालिम केन्द्रले सम्बन्धित जिल्ला शिक्षा कार्यालयसँग सहकार्य गर्नेछ ।

### ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

- प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षक वा सहजकर्ताका लागि तालिम कार्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुनेछ ।
- शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सेसनसम्म विषयबस्तु शैक्षिक तालिम केन्द्रले स्थानीय सरोकारवालाहरुको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ ।

- शैक्षिक तालिम केन्द्रले स्थानीय आवश्यकता अनुसार प्रारम्भिक बालविकासका क्षेत्रमा कार्यरत संघसंस्थासँग सहकार्यमा ५ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

**घ. तालिम सहजीकरण**

- शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सेसन सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ ले तोकेको आधार पूरा गरेको व्यक्ति हुनुपर्दछ । प्रशिक्षक व्यवस्थापनका लागि स्थानीय आवश्यकता र परिवेश अनुसार प्रारम्भिक बालविकासका क्षेत्रमा कार्यरत संघसंस्थासँग सहकार्य गर्न सकिनेछ ।
- तालिमका सेसन सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेछ ।
- तालिमका लागि आबश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यबस्था गर्नुपर्नेछ ।
- सिकाइ सहजीकरणका विधि तथा सुचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसंग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्नेछ ।
- तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ :
    - ✓ प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
    - ✓ अन्तरक्रिया विधि
    - ✓ छलफल तथा समूह कार्य विधि
    - ✓ परियोजना कार्य विधि
    - ✓ अवलोकन विधि
    - ✓ समस्या समाधान र स्वअध्ययन विधि
    - ✓ खेल विधि

✓ कथाकथन विधि

### ५. तालिम मूल्यांकन

क. यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रुपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिताका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछ ।

ख. सहभागी शिक्षकहरुलाई तालिम पश्चात् तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ ।

### ६. कार्ययोजना तथा प्रतिबद्धता

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्ययोजना बनाई प्रस्तुत गर्नुपर्नेछ ।

| क्र.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका पाठयोजना समेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपनेछ ।

ग. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधार गर्ने प्रतिबद्धता शैक्षिक तालिम केन्द्र समक्ष गर्नु पर्नेछ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शैक्षिक तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्नेछ ।

ΩΩΩ